करबाकेली समाचार
पुन समाज यु.के.

04 June 22

## डा.महाबिर पुन द्वारा बेलायत स्थित डिफेन्स एकेडेमीको अवलोकन भ्रमण

राष्ट्रिय आविस्कार केन्द्र नेपालका संस्थापक अध्यक्ष डा.महाबिर पुन ले ३० मे २०२२ को दिन बेलायतको सिरिभेन्हाम स्थित डिफेन्स एकेडेमी अफ युनाईटेड किङ्डोमको अवलोकन भ्रमण गर्नु भएको छ । सो एकेडेमीका आर्मी डिभिजन अन्तर्गतका कोर्स कोर्डिनेटोर मेजर सन्त पुन एमबिई को निमन्त्रणा र सहयोगमा उक्त अवलोकन भ्रमण भएको थियो । सो एकेडेमिमा बेलायतको नेभी, आरएएफ र ससस्त्र फौज  बाट भविस्यको लागि नेत्रित्व गर्ने ब्यक्तिहरुले तालिम गर्ने गर्दछन । राष्ट्रिय आविस्कार केन्द्रलाई अनुसन्धानको बिबिध बिषयहरुमा सहयोग पुगोस भन्ने उदेश्यले उक्त अवलोकन भ्रमण गराईएको थियो ।





स्मरण रहोस कि सन १९७३/१९७४ ताका मेजर सन्त पुन एमबिई काठमाडौं स्थित त्रिचन्द्र कलेजमा र डा.महाबिर पुन काठमाडौं स्थित अमृत साईन्स कलेजमा पढ्ने एउटै ब्याजका साथीहरु हुनुहुन्थ्यो । मेजर सन्त पुन एमबिई मगर संघ यु.के. का ट्रस्टी सदस्य तथा पुन समाज यु.के. का संस्थापक अध्यक्ष पनि हुनुहुन्छ ।



